महिला,बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं।

# मानननीय मन्त्री सिता बादीज्यूको

# ५१ दिनको महत्वपूर्ण उपलब्धिहरु

मितिः २०८३ साल जेठ ४ गते

सिंहदरबार, काठमाडौं।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरवार, काठमाडौं।

<u>माननीय मन्त्री सिता बादीको पदभार ग्रहण भए पश्चात ५१ दिनका महत्त्वपूर्ण कार्य तथा उपलब्धिहरु</u>

१. पृष्ठभूमि

माननीय मन्त्री सिता बादीज्यूको पदवहाली मिति २०८२ साल चैत्र १३ गते भएपश्चात् मन्त्रालयको मुख्य कार्यक्षेत्रहरू'महिला सशक्तीकरण, सामाजिक समावेशीकरण, बाल अधिकार, ज्येष्ठ नागरिक सेवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक,अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको छ। यस अवधिमा विकास साझेदार, अन्तर्राष्ट्रिय प्रतिनिधि र मातहतका संरचनासँगको समन्वयलाई तीव्र पार्दै मन्त्रालयको कार्यसम्पादनलाई नतिजामुखी बनाउने प्रयास गरिएको छ । नेपाल सरकारको १०० बुँदे कार्यसूचि बमोजिम प्रमुख प्राथमिकताहरुलाई मार्गदर्शनका रुपमा आत्मसात गरी देहायका कार्यहरु गरिएको छ।

२. मन्त्रालयको परिचयात्मक विषयहरुः

माननीय मन्त्रीको पदभार ग्रहणसँगै मन्त्रालयको विषय र कार्यक्षेत्रका वारेमा विस्तृत जानकारी लिनका लागि मन्त्रालयको आन्तरिक विमर्श तथा वस्तुस्थितिको वोधको कार्य शुरुवाती कार्यका रुपमा रहेको थियो।

- <u>छलफल:</u> मन्त्रालयको कार्यक्षेत्र र वर्तमान अवस्थाको सूक्ष्म अध्ययन गर्न माननीय मन्त्रीज्यूले पदभार ग्रहणको सुरुवाती समयलाई सघन छलफल र अन्तरक्रियामा केन्द्रित गर्नुभयो । प्रशासन तथा योजना, महिला सशक्तिकरण, सामाजिक समन्वय महाशाखा लगायतका विभिन्न महाशाखाहरूसँगको छलफलबाट मन्त्रालयको सेवा प्रवाह र नीतिगत प्राथमिकताका क्षेत्रहरू पहिचान गरियो। यस आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रगतिका विषयमा समेत जानकारी लिनुभयो।
- <u>प्रशासनिक नेतृत्वसँगको भेटघाट र ब्रिफिङ:</u> मन्त्रालयका सचिव, विभिन्न महाशाखा प्रमुखहरू, शाखा प्रमुखहरू र अन्य कर्मचारीहरूसँग सामूहिक तथा व्यक्तिगत भेटघाट गरी मन्त्रालयको संगठनात्मक संरचना, सञ्चालित आयोजना र भावी कार्यदिशाका बारेमा विस्तृत जानकारी लिने कार्य भयो ।
- <u>अनुभव आदानप्रदान:</u> संस्थागत निरन्तरता र लोकतान्त्रिक संस्कारको अभ्यास गर्दै यस मन्त्रालयका पूर्व माननीय मन्त्री श्रद्धा श्रेष्ठज्यूसँग भेटघाट गरी उहाँको कार्यकालका अनुभव र थालनी गरिएका सकारात्मक कार्यहरूलाई अगाडि बढाउने विषयमा सुमधुर संवाद भएको थियो।

मा. सिता बादी
मन्त्री

३. अनुगमन र स्थलगत निरीक्षणः समस्या र समाधानको धरातलीय खोजी

मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने सेवाग्राहीहरूको वास्तविक अवस्था बुझ्न र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन माननीय मन्त्रीज्यू आफैं विभिन्न निकायहरूको स्थलगत निरीक्षणमा संलग्न हुनुभयो ।

- समाज कल्याण परिषद्: परिषद्को कार्यसम्पादन, गैरसरकारी संस्थाहरूको समन्वय र सामाजिक कल्याणका क्षेत्रमा भइरहेका कार्यहरूलाई थप सक्रिय र पारदर्शी बनाउन समसामयिक विषयमा छलफल भएको थियो। यस क्रममा भृकुटीमण्डपको जग्गाको संरक्षण, बहाल नतिर्नेहरुलाई आवश्यक कारबाहिका विषयमा निर्देशन दिने कार्य भएको थियो।
- राष्ट्रिय बाल अधिकार परिषद्: बाल अधिकारको संरक्षण, बाल गृहहरूको अनुगमन र हराएका बालबालिकाको खोजतलासका लागि परिषद्ले गरिरहेका कार्यहरूको समीक्षा गरियो।
- पशुपति वृद्धाश्रमः ज्येष्ठ नागरिकहरूको आश्रयस्थल पशुपति वृद्धाश्रमको निरीक्षण गरी त्यहाँ रहेका बुवा-आमाहरूको स्वास्थ्य, खानपान र आवासको अवस्थाबारे जानकारी लिँदै सेवामा सुधार गर्न निर्देशन दिनु भएको थियो।
- मंगला सहाना दीर्घकालीन पुनःस्थापना केन्द्रः यस केन्द्रको व्यवस्थापन र त्यहाँ प्रदान गरिने पुनःस्थापना सेवाको गुणस्तरका बारेमा आकस्मिक अनुगमन गरी सेवाग्राहीको हितमा कार्य गर्न निर्देशन दिइएको थियो।
- दिवा शिशु स्याहार केन्द्र, सिंहदरबारः सिंहदरबार भित्र कार्यरत कर्मचारीका शिशुहरूको हेरचाहका लागि सञ्चालित केन्द्रको आकस्मिक अनुगमन गरी शिशुहरूको अवस्था, स्वास्थ्य र सेवाको स्तरबारे जानकारी लिनु भएको थियो।
- बाल सुधार गृह, भक्तपुरः भक्तपुरस्थित बाल सुधार गृहको निरीक्षण गरी त्यहाँ रहेका बालबालिकाहरूको शिक्षा, सीप विकास र मनोसामाजिक परामर्शका क्षेत्रमा भइरहेका कार्यहरूको अनुगमन गरियो। साथै, आगामी वर्ष बाल सुधार गृहहरुलाई नमुना बनाउन आवश्यक कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

४. नीतिगत तथा कानूनी निर्णयहरू

मन्त्रालयले यस अवधिमा विभिन्न ऐन तथा नियमावलीहरूको संशोधन र तर्जुमामा उल्लेख्य प्रगति गरेको छः

- <u>शासकीय सुधार</u>: नेपाल सरकारको १०० बुँदे कार्यसूची बमोजिम मन्त्रालयका १० प्रमुख कार्यहरूको कार्ययोजना तयार गरी कार्यान्वयनमा लगिएको छ। यसमा कुल २ कार्य सम्पन्न ३ निरन्तर ५ कार्यको शुरुवात भएको छ।

मा. सिता बादी
मन्त्री

- नेपाल सरकारको १०० बुँदे कार्यसूचि बमोजिम मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित प्रमुख १५ बुँदाहरु पहिचान गरी २८ कार्यको जिम्मेवारी बाँडफाड गरी कार्य अघि बढाईएको छ। यसमा कुल १५ कार्य सम्पन्न १३ कार्यको शुरुवात भएको छ।
- नेपाल बाल सङ्गठनसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग (हरिबाबु आयोग) को प्रतिवेदन बमोजिम बाल सङ्गठनको जग्गा अतिक्रमण तथा हिनामिनासम्बन्धी अनुसन्धान १५ दिनभित्र सुरु गरिएको र नेपाल बाल संगठनको प्रतिवेदन अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने कार्य सम्पन्न भएको छ।

५. नीतिगत तथा कानूनी सुधार:

- ऐन निर्माण: लैङ्गिक हिंसा निवारण सम्बन्धी एकीकृत कानूनको मस्यौदा तयार गर्ने (नयाँ) घरेलु हिंसा (कसूर र सजाय) ऐन,२०६६ र बोक्सीको आरोप (कसूर र सजाय) ऐन,२०७२ मा रहेका समानता र फरक विषय, अन्य प्रचलित कानूनमा रहेका विषय तथा थप गर्नुपर्ने विषयहरुमा छलफल गरी अवधारणा पत्रमा समावेश गरेर कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा अवधारणा पत्र पठाउने तयारी गरिएको छ।
- नीति निर्माण: राष्ट्रिय ज्येष्ठ नागरिक नीतिको मस्यौदा तयार गर्नका लागि मिति २०८३/०१/२१ को मन्त्रीस्तरीय निर्णयानुसार गठित मस्यौदा समितिको बैठक बसी नीतिको प्रारम्भिक मस्यौदा तयार गरिएको छ। मस्यौदामा प्रारम्भिक छलफल तथा परिमार्जनको कार्य गरिएको छ।
- रणनीति निर्माण: ज्येष्ठ नागरिक सम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा र बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीतिको अंग्रेजी अनुवाद सम्बन्धी कार्य अगाडि बढाइएको छ।
- राष्ट्रिय बालबालिका नीति २०८० कार्यान्वयन कार्ययोजनाको मस्यौदा उपर सरोकारवाला मन्त्रालय र आयोगको राय सुझावलाई समावेश गरी स्वीकृति भई सरोकारवाला मन्त्रालय/तह/निकायमा कार्यान्वयनका लागि पठाईएको छ।

- ऐन संशोधन प्रक्रिया:
  - बालबालिका सम्बन्धी ऐन २०७५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को संशोधन मस्यौदा तयार गरी सरोकारवालाहरूसँग छलफल र राय सङ्कलन गरिएको छ।
  - बालबालिका सम्बन्धी नियमावली, २०७८ को संसोधनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग राय परामर्श तथा सुझाव प्राप्त भई संसोधन प्रस्ताव तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तावका रुपमा पठाईएको छ।

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. मन्त्रालयको कार्यक्षेत्र विस्तार:

- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्रसँग मिलान हुन सक्ने विषयक्षेत्रका बारेमा अवधारणा पत्र (Concept Paper) तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईएको छ। नेपाल सरकारको कार्यविभाजन नियमावलीमा संसोधन भई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्खक तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको छ।
- सरकारी एप सामाजिक सञ्जाल र पोर्टलहरुको अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन मन्त्रालयबाट अनुरोध भएको र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत यसलाई दृष्टिविहिन व्यक्तिका लागि पहिलो चरणमा पहुँचयुक्त बनाईएको छ।
- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्खक तथा सामाजिक सुरक्षा मन्त्रालय तथा मातहतका निकायका कर्मचारीका लागि विशिष्टकृत आचारसंहिता मन्त्रालय र मातहतका कर्मचारीहरूका लागि 'कर्मचारी आचारसंहिता, २०८३ निर्माण गरी लागु गरिएको छ।

७. गुनासो व्यवस्थापन प्रणाली:

- देशभरका नागरिकका गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न २४ घण्टे राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिएको छ। हटलाईन सेवाहरु ११४५(महिला हिंसा) २४ सै घण्टा पूर्ण रूपमा सञ्चालनमा रहेको छ भने १०४ (खोजतलास), र १०९८ (बाल हेल्पलाइन) काठमाडौं उपत्यका मा २४ सै घण्टा सञ्चालनमा रहको र उपत्यका बाहिर केही स्थानमा २४ सै घण्टा र केही स्थानमा कम्तिमा १२ घण्टा सञ्चालनमा रहेको छ। माननीय मन्त्रीज्यूलाई सिधै QR मार्फत प्राप्त गुनासो गर्न सकिने र तत्काल सम्बोधन भईरहेको छ।
- कार्यालयको वेबसाइटमा तत्काल गुनासो सम्बोधनका लागि प्रमुख, प्रवक्ता र सूचना अधिकारीको मोबाइल नं. अद्यावधिक गरिएको र गुनासोको समयमा नै सम्बोधन गर्ने गरिएको छ। प्रत्येक शाखा/महाशाखाको फोन, इमेलमा आउने उजुरी/ गुनासोको प्राथमिकताका आधारमा सम्बोधन गर्ने व्यवस्था रहेको ।

८. संस्थागत सुदृढीकरण:

- समाज कल्याण परिषद्का नौ जना पदाधिकारीहरूलाई सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ बमोजिम पदमुक्त गरिएको छ।

मा. सिता बादी
मन्त्री

- कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको कार्य विवरणको वस्तुनिष्ठ कार्यसम्पादन सूचक (KPI) सहित कार्य विवरण (Job Description) तयार गरिएको छ। यसलाई प्रशासनिक नेतृत्व र सम्वन्धित कर्मचारीहरुसँगको छलफल पश्चात सार्वजनिक गरिनेछ।
- **डिजिटल रूपान्तरण:** मन्त्रालयको सवै शाखाहरुमा GIOMS को पूर्ण कार्यान्वयन गरिएको छ।
- **सङ्गठन पुनर्संरचना:** Business Process Re-engineering (BPR) को खाका तयार गरिएको छ र मन्त्रालयको भौतिक सम्पत्तिको लगत संकलन सम्पन्न भएको छ।

९.नियमित कार्यहरु:

- आ.व. २०८२/८३ मा दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका ७९ जना गरी हालसम्म ९२४ जना गर्भवती, सुत्केरी र नवजात शिशुको हवाई उद्धार गरिएको छ। दुर्गम क्षेत्रका १३ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार गरिएको छ।
- लैङ्गिक समानता र उत्तरदायित्व सम्बन्धमा ४ वटा संघीय मन्त्रालय/कार्यालयको (राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र रक्षा मन्त्रालय) को लैङ्गिक परीक्षण (Gender Audit) गर्ने गरी प्रारम्भिक वैठक वसी लैङ्गिक परीक्षण अगाडि बढाइएको छ।
- निजी क्षेत्रको सहकार्यमा महिला उद्यमीवाट उत्पादित वस्तु/सेवाको बजारीकरणको प्रवर्द्धन गर्न २०८२ चैत्र २०-२२ गतेसम्म महिला उद्यमी महासंघ सँगको सहकार्यमा अन्तर्राष्ट्रिय प्रदर्शनी मेला सम्पन्न गरिएको छ।
- यस मन्त्रालयको समन्वय र सहकार्यमा सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्र सञ्चालक संस्थाहरूबाट पीडित तथा प्रभावित र जोखिममा रहेका महिला तथा वालिकाहरूको उद्धार गरी पुनर्स्थापना केन्द्रमा पीडितहरूको आवश्यकता अनुसारको सेवा सहित संरक्षण भईरहेको छ।
- ३० जना सडक बालवालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको र ८७९ जना हराएका बालवालिकाको खोजी गरी ४९४ जनालाई फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ।
- कुरिति विरुद्धको सामाजिक सचेतनामूलक कार्यक्रम उत्पादन तथा प्रसारण भईरहेको छ।

मा. सिता बादी
मन्त्री

- अपाङ्गता अधिकारः संघीय मन्त्रालयहरूको भौतिक संरचनाको पहुँचयुक्तता परीक्षण (Accessibility Audit) सुरु गरिएको छ।
- ढकालटार बाल सुधार गृह निर्माणका लागि विनियोजित वजेट भन्दा बढी खर्च भएकोले आवश्यक रकमान्तर तथा LMBIS प्रविष्टि सम्बन्धी कार्य सम्पन्न गरिएको छ। मानव सेवा आश्रम भवन निर्माणको कार्यक्रम संशोधन तथा रकमान्तर तथा LMBIS प्रविष्टि सम्बन्धी कार्य सम्पन्न गरिएको छ।
- आ 83/2082.व.को आर्थिक सर्वेक्षण सम्बन्धी विवरण र मन्त्रालयगत विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाइएको छ।
- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्खक तथा सामाजिक सुरक्षा मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको प्राविधिक, अपाङ्गता भएका व्यक्तिहरु (दृष्टिविहिन, होचापुड्का, ह्विलचियर प्रयोगकर्ता सहित शारिरिक अपाङ्गता भएका व्यक्ति) सहितको टोलिले परीक्षण गर्ने कार्य सम्पन्न भएको छ।
- सबै मन्त्रालय र सरोकारवाला निकायहरुमा रहेका लैंङ्गिक सम्पर्क व्यक्तिहरुको २ दिने क्षमता विकास/अभिमुखिकरण कार्यक्रम संचालन गरी CEDAW Roadmap /राष्ट्रिय लैंङ्गिक परीक्षण कार्यविधि,२०८२/GRBAM को प्रारम्भिक मस्यौदाको समेत जानकारी र छलफल गरिएको छ। यो कार्यक्रम काठमाण्डौं र विराटनगरमा विभिन्न प्रतिनिधिको उपस्थितिमा गरिएको छ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, लैंगिक हिंसा तथा मानव वेचविखन तथा ओसारपसार लगायतका सवालहरुमा राष्ट्रियस्तरको सञ्चार माध्यमबाट पाक्षिक कार्यक्रम संचालन गर्ने गरिएको छ।
- दिगो विकास लक्ष्य र १६औं योजनाको प्रगति प्रतिवेदन तयार गर्न परामर्श सेवा खरिद गर्ने कार्य सम्बन्धी निर्णय भई कार्य प्रक्रिया अगाडि बढाइएको छ।
- राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) ले राष्ट्र संघीय मानव अधिकार परिषद्को ८१ औं सत्रमा पेश गर्नु पर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट माग भई आएको Independent Expert on human rights and international solidarity सम्बन्धी विवरणको प्रारम्भिक खाका सम्बन्धमा सम्बन्धित शाखा प्रमुखहरुसँग छलफल गरिएको छ।
- सातवटै मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई प्रदेशसँग सम्वन्धित स्थानीय तहहरुलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

यौनिक अल्पसंख्यक समेतलाई विभेद, असमानता, शोषण, अन्याय वा हिंसामा परी पीडित भएमा वा मानव वेचविखन तथा ओसार पसारमा परी तत्काल राज्यले संरक्षण गर्नुपर्ने अवस्था भएमा उपयुक्त व्यवस्थापन गरी सबै प्रकारका लैङ्गिक हिंसामा शुन्य सहनशिलता अपनाउदै मानव वेचविखन मुक्त समाज निर्माणका लागि आवश्यक समन्वय र सहकार्यका लागि पत्राचार गरिएको छ।

- सातवटै मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई प्रदेशभरका मन्त्रालयवाट अपाङ्गता भएका सेवाग्राही लक्षित ह्विलचेयरको व्यवस्था गर्ने/गराउने सम्वन्धी पत्र पठाइएको छ।

१०. नविनतम कार्यहरु:

- राष्ट्रिय महिला आयोग, मानव अधिकार आयोग र राष्ट्रिय दलित आयोगको स्थलगत भ्रमण गरी पदाधिकारीहरु सँग विद्यमान समस्याहरुका बारेमा छलफल गरिएको छ।
- बालवालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृत भई कार्यान्वयनको चरणमा रहेकोले उल्लेखित कार्यविधि बमोजिम आगामी आ.व. २०८३/८४ को वार्षिक बजेट कार्यक्रम अन्तर्गत वालवालिका तर्फको खर्च क्रियाकलापहरु बजेट प्रणालीमा प्रविष्टि सम्वन्धमा वालवालिकाको क्षेत्र हेर्ने मन्त्रालय र सरोकारवाला निकायहरुसंग छलफल गरी बालवालिकाको क्षेत्रमा हुने लगानी पहिचान गरिएको छ।
- महिला तथा वालवालिका उपर हुने साइवर हिंसा लगायतका डिजिटल अपराध न्यूनीकरण गर्न स्थानीय भाषामा डिजिटल सचेतनामूलक सामग्री निर्माण गरी प्रचार प्रसार गर्ने कार्यक्रमको अवधारणा पत्र तयार भएको।
- ज्येष्ठ नागरिकको वहुस्वास्थ्य समस्या सम्वोधन गर्ने सम्वन्धमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई २०८२/१२/२२ गते पत्राचार गरिएकोमा सोका लागि निरन्तर follow up भईरहेको छ।
- समाज कल्याण परिषद अन्तर्गत भृकुटीमण्डप लगायतको जग्गा लिज तथा उपयोगिता सम्वन्धमा वक्यौता असुल गर्नका लागि आवश्यक कारबाहि अघि वढाईएको छ।
- काठमाडौं उपत्यकाका विभिन्न स्थानवाट स्थानान्तरण गरिएका सुकुम्वासी वस्तीका महिला, वालवालिका र ज्येष्ठ नागरिकहरूलाई स्थलगत अनुगमन गरिएको छ। माननीय मन्त्रीज्यूको समुपस्थितिमा राधास्वामी व्यास सत्संग भवनमा रहेका सुकुम्वासी महिला तथा किशोरीहरुका लागि ५० थान डिग्निटि किट ५० थान किशोरी किट र ५० थान हाइजिन किट वितरण कार्य गरिएको। भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत प्राधिकरण तालिम केन्द्रमा

मा. सिता बादी
मन्त्री

स्थानानतरण गरिएका सुकुम्बासी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक ७३ थान सामाग्रीहरु जनस्वास्थ्य कार्यालय भक्तपुरबाट खटिएको टोली मार्फत वितरण गरिएको।

- 'बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ।
- महिलाहरूको सुरक्षित यात्रा सुनिश्चित गर्न सातै प्रदेशमा निःशुल्क 'ब्लु बस' सञ्चालन गर्ने प्रक्रिया सुरु गरिएको छ, जसअन्तर्गत पहिलो १०० दिनमा कम्तीमा २५ वटा बस सञ्चालन गर्ने लक्ष्य राखिएको छ।

## ११. भेटघाट तथा शिष्टाचार भेट

अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग विस्तारका लागि माननीय मन्त्रीज्यूले विभिन्न कूटनीतिक भेटघाटहरू गर्नुभएको छः

- युरोपियन युनियनका राजदूत H.E. Mrs. Veronique Lorenzo सँग शिष्टाचार भेट, चीनका महामहिम राजदूत H.E. Zhang Maoming सँग शिष्टाचार भेट र नेपालका लागि स्लोभेनियाका प्रस्तावित राजदूत H.E. Tomaz Mencin सँग शिष्टाचार भेट गरी द्विपक्षीय सम्बन्ध र मन्त्रालयसँग सहकार्य गर्न सकिने विभिन्न आयाममा छलफल भएको छ ।
- नर्वेका महामहिम राजदुत डाग्नी म्योससँग लैङ्गिक समानता, समावेशी विकास तथा सहकार्यको क्षेत्रमा छलफल भएको छ।
- UN Women का कन्ट्री डाइरेक्टर र अन्य सहायता निकायहरू (ADB, IFRC) सँग लैङ्गिक समानता र महिला सशक्तीकरणमा सहकार्यका लागि भेटघाट सम्पन्न भएको छ।

विभिन्न मन्त्रालय र सुरक्षा निकायसँग माननीय मन्त्रीज्यूले भेटघाट तथा छलफल गर्नुभएको छः

- युवा, श्रम तथा रोजगार मन्त्रालयका माननीय मन्त्री रामजी यादवज्यू संग भेट गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय तथा सामाजिक सुरक्षासँग सम्बन्धित विषयमा युवा, श्रम तथा रोजगार मन्त्रालयसँगको आपसी समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो।
- मन्त्रालयको कार्यक्षेत्र परिवर्तन भए पश्चात भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीसँग मुक्त कमैया, कम्लहरी, हरवा-चरवा, र हलिया तथा बधुवा श्रमबाट मुक्त भएका व्यक्तिको योजना तथा कार्यक्रमका विषयमा छलफल भएको थियो।
- स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री माननीय निशा मेहताज्यू संग भेट गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय तथा सामाजिक सुरक्षासँग

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

सम्बन्धित विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको छ। माननीय मन्त्रीज्यूसँग हवाई उद्धारका विषयमा दुर्घटना पश्चातका घटनाहरुलाई समेट्ने गरी छलफल भएको थियो।

- नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक डम्बर बहादुर बिकसंग भेट गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका समुदायको सुरक्षा, संरक्षण, न्यायमा पहुँच, लैङ्गिक हिंसा न्यूनीकरण तथा मन्त्रालय र सुरक्षा निकायबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको छ।

१२. प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू

- आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति, कार्यक्रम र बजेट तर्जुमा गरी पेश गरिएको छ।
- बाल सुधार गृह नुवाकोटमा रहेका बालकहरुका लागि ३ दिने मनोसामाजिक परामर्श तालिम कार्यक्रम संचालन गरिएको छ।
- बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC) को प्रतिवेदन सम्बन्धमा सरोकारवाला निकायहरुसँग बैठक बसि विविध विषयमा निर्णय गरिएको छ।

१३. अनुगमन, मूल्याङ्कन तथा उद्धार

- आकस्मिक अनुगमनः सिंहदरबारस्थित शिशु स्याहार केन्द्र, मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र र विभिन्न बाल सुधार गृहहरूको स्थलगत अनुगमन गरिएको छ।
- सुर्खेत जिल्ला स्थित विभिन्न सरकारी/गैरसरकारी निकायहरुको अनुगमन/निरीक्षण साथै बाँके जिल्लामा अवस्थित मन्त्रालय अन्तर्गत रहेका बाल सुधार गृह, जयन्तु, बाल सुधार गृह नौवस्ताको निरीक्षण/अनुगमन गरिएको छ।

१४. छलफल तथा सुझाव संकलनः

- नेपाल जेसीस, गैर आवासीय नेपाली संघ, Association of International NGO's, Non-Governmental organization federation, नेपाल अपांग संघ, लगायत अन्य मन्त्रालय अन्तर्गत पर्ने निकायहरुसँग भेटघाट तथा समसामयिक विषयमा छलफल भएको थियो।

१५. समन्वय र सहकार्यः

- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम गठित विषयगत समितिको बैठक समितिका अध्यक्ष एवम् यस मन्त्रालयका माननीय मन्त्री सिता बादीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ।

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

- संघीय संसद सचिवालयलाई प्रतिनिधि सभा र राष्ट्रिय सभामा हुने बैठकहरुमा सांकेतिक भाषा दोभाषे र क्याप्सनिङको व्यवस्था गर्नको लागि पत्राचार गरेको छ।
- काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट स्थानान्तरण गरिएका सुकुम्बासी महिला, सुत्केरी, गर्भवती, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई हाइजनिक किट लगायतका सामग्रीहरु यथाशीघ्र उपलब्ध गराउनका लागि खानेपानी मन्त्रालयलाई पत्राचार गरिएको छ।
- ज्येष्ठ नागरिक परिचयपत्र र अपाङ्गताको परिचयपत्र नागरिक एपमा आवद्ध गर्ने सम्वन्धमा सञ्चार तथा सूचना मन्त्रालयलाई पत्राचार गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुका हवाई भाडामा ऐन बमोजिमको सुविधा र सहुलियत व्यवस्था गरिदिने माग भई प्राप्त भएको निवेदन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्राचार गरिएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (हेलो सरकार), गृह मन्त्रालय (गुनासो व्यवस्थापन शाखा) लगायत विभिन्न मन्त्रालय व्यक्तिवाट आएका विविध विषयमा प्राप्त पत्रहरुको/कार्यालय/ कार्यान्वयका लागि विभिन्न निकायमा पत्राचार गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली २०७७ को व्यवस्था वमोजिम अपाङ्गता भएका व्यक्तिलाई सर्वसाधारणलाई खुल्ला गरिएका सेवा तथा सुविधा विना अवरोध समान रुपमा उपयोग गर्ने सक्ने गरी सक्ने गरी सहज पहुँचको व्यवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्रदान हुने सेवा तथा सुविधा बिना अवरोध समान रुपमा प्रदान गर्न एकवटा ह्विलचेयरको व्यवस्था गर्न गराउनहुनका सबै संघीय मन्त्रालयमा पत्राचार गरिएको छ।
- फ्रन्ट डेस्कका कर्मचारीहरुलाई क्षमता विकास तालिमको आवश्यकता पहिचान गरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको छ।
- सरकारी कार्यालयको शौचालयहरूको सरसफाई तथा स्वच्छता कायम राख्ने कार्यविधि कार्यान्वयनका लागि मातहतका निकायमा पत्राचार गरिएको तथा यस मन्त्रालयका सम्पर्क व्यक्ति (Focal Person) गरिएको छ।
- शुन्य बाँकी फाइल सप्ताह अभियानका लागि सबै महाशाखा शाखासंगको समन्वयमा प्रधानमन्त्री/ तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन गरिएको छ।

मा. सिता बादी
मन्त्री

- नेपाल सरकारको १०० बुँदे कार्यसूचिको बुँदा २ बमोजिम मन्त्रालयको १० प्रमुख कार्यहरुको कार्ययोजनाको क.सं. ८ अन्तर्गत ज्येष्ठ नागरिकको बहुस्वास्थ्य समस्या सम्बोधन सम्बन्धमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा पत्राचार गरी अनुरोध गरिएको छ।
- मिति २०८२।१२।२४ गते गृह मन्त्रालयबाट बालबालिकालाई पशुपति मन्दिर क्षेत्रमा भिख माग्न लगाएको विषयको गुनासो सम्बोधनको लागि राष्ट्रिय बाल अधिकार परिषद्मा पत्राचार गरिएको छ ।
- राष्ट्रिय मानव अधिकार आयोगको च. नं. १३६९, मिति २०८३।०१।१४ को पत्र र किन इन्डियाको च.नं. १३/२६/२७ मिति २५ अप्रिल २०२६ को पत्रानुसार भारतको कलकत्तास्थित सोनागाछी क्षेत्रबाट उद्धार गरी भारतको ओडिसा राज्यस्थित एक सुरक्षित आवास गृहमा राखिएका नुवाकोट जिल्लाका दुई बालिकाहरुको स्वदेश फिर्तीमा आवश्यक समन्वय र सहजीकरण गरिदिन परराष्ट्र मन्त्रालयलाई र पीडकलाई आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने व्यवस्थाका लागि गृह मन्त्रालयलाई पत्राचार गरिएको छ।

१६. परियोजना तर्फः

- ३ प्रदेश (मधेश, लुम्बिनी र सुदूरपश्चिम) मा GRICS (Gender Responsive Investigation and Communication Skills): लैङ्गिक हिंसा सम्बन्धी उजुरीको अनुसन्धान, पीडितसँगको सञ्चार र कानुनी प्रक्रियामा प्रहरी कर्मचारीहरूलाई क्षमता विकास गर्ने १० वटा तालिम सम्पन्न भएको छ।
- मनोसामाजिक परामर्शको १६ दिने कार्यक्रम धनगढीमा सम्पन्न भएको छ।
- सुदुरपश्चिम प्रदेशको दीर्घकालिन पुनर्स्थापना केन्द्रको भवन निर्माणका लागि सम्झौता भएको छ।

निष्कर्ष

यस ५१ दिने अवधिमा मन्त्रालयले नीतिगत जग बसाल्नुका साथै नागरिकका दैनिक समस्या समाधानमा सक्रियता देखाएको छ । कर्मचारीहरूको कार्यसम्पादन सूचक निर्धारण, सेवा प्रवाहमा सरलीकरण र सामाजिक सुरक्षाका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले आगामी दिनमा मन्त्रालयको लक्ष्य प्राप्तिमा ठोस योगदान पुग्ने देखिन्छ।

मा. सिता बादी
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं